नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(भूमि व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाडौं
फोन : ४७७-०१-४२११६६६

प.सं. २.१./भू.प्र./०८३/८४/२८६ (ज.टि.३८१६)
च.नं. ४३८

मितिः २०८३/०७/१६
नेपाल संवत् ११४६

विषयः भूमि प्रशासन सेवा सञ्चालन सम्बन्धमा।

श्री महानगरपालिका सबै,
श्री उपमहानगरपालिका सबै,
श्री नगरपालिका सबै,
श्री गाउँपालिका सबै।

प्रस्तुत विषयमा भूमि प्रशासन सम्बन्धी सेवाहरू स्थानीय तहहरूबाट सञ्चालन गर्न मिति २०८३/०१/१० मा माननीय मन्त्रीस्तरबाट निर्णय भई सूचना प्रकाशन भएको व्यहोरा विदितै छ। यसरी स्थानीय तहबाट भूमि प्रशासन सम्बन्धी सेवा सञ्चालन गर्ने सम्बन्धमा २२५ वटा स्थानीय तहहरूबाट प्राप्त हुन आएका आशयपत्रहरूमध्ये हाल उपमहानगरपालिका-१, नगरपालिका-२० तथा गाउँपालिका-१२ बाट सेवा सञ्चालन भैरहेको छ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०८३ बमोजिम मालपोत ऐन, २०३४ मा भएको संशोधनले उक्त ऐनको दफा ८ग. मा रजिष्ट्रेशन सम्बन्धी काम स्थानीय तहले समेत गर्ने व्यवस्था गरेको र मालपोत नियमावली, २०३६ ले निर्दिष्ट गरेको व्यवस्था समेतका आधारमा आगामी एक महिना भित्र बाँकी सबै महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाहरूबाट अनिवार्य रुपमा भूमि प्रशासन सम्बन्धी सेवाहरू सञ्चालन गर्न नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०८३/०७/१३ को निर्णयानुसार अनुरोध छ। साथै उक्त सेवा सञ्चालनका लागि आवश्यक सहयोग गर्न मन्त्रालय पूर्ण प्रतिबद्ध रहेको व्यहोरा पनि अनुरोध छ।

<u>बोधार्थ तथा आवश्यक सहजीकरणका लागि:</u>
श्री प्रदेश तथा स्थानीय तह समन्वय शाखा, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
श्री सूचना प्रविधि शाखा, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल।
श्री नापी विभाग, मिनभवन।
श्री नगरपालिका महासंघ नेपाल, लाजिम्पाट।
श्री गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, अनामनगर।

(सन्दीप राना)
शाखा अधिकृत